मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
मलंगवा, सर्लाही

फोन नं. : ०४६-५२००३०
Email : sarlahiakc@gmail.com
Website : sarlahi.akc.gov.np

पत्र सख्या : ०८२/०८३
चलानी नं. : २७५

मिति: २०८२/१०/२३

विषय: सूचना पठाईएको सम्बन्धमा।

श्री भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधाम, धनुषा
श्री कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा
श्री जिल्ला समन्वय समिति, मलंगवा, सर्लाही
श्री जिल्ला प्रशासान कार्यालय, मलंगवा, सर्लाही
श्री प्रदेश लेखा इकाई कार्यालय, चन्द्रपुर, रौतहट
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मलंगवा, सर्लाही
श्री स्थानिय तह सबै, सर्लाही

उपरोक्त सम्बन्धमा यस कृषि ज्ञान केन्द्रको आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न प्रस्ताव अह्वान सम्बन्धि सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि जानकारी गराई दिन हुन अनुरोध छ। साथै विस्तृत सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको ब्यहोरा अनुरोध छ ।

तपसिल:

| क्र.स. | सूचना नं. | कार्यक्रमको नाम |
|---|---|---|
| १. | १४/२०८२-८३ | दुई बाली धान प्रवर्द्धन कार्यक्रम |
| २. | १५/२०८२-८३ | सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम |

............
कमलदेव प्रसाद कुशवाहा
प्रमुख

कमलदेव प्रसाद कुशवाहा
प्रमुख

CamScanner

मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
मलंगवा, सर्लाही

फोन नं. : ०४६-५२००३०
Email : sarlahiakc@gmail.com
Website : sarlahi.akc.gov.np

सूचना !

सूचना !!

सूचना !!!

सूचना नं. १४/२०८२-८३

## दुई बाली धान प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी विस्तृत सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/१०/२३**

यस कृषि ज्ञान केन्द्र, सर्लाहीको चालु आ. व.२०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार दुई बाली धान प्रवर्द्धन कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक लाभग्राहीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८२।११।०८ गते सम्म) परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु संलग्न राखि निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

१) कार्यालयले निर्दिष्ठ गरेको ढाँचामा पुर्ण रुपमा भरिएको प्रस्ताव ।

२) प्रस्तावमा प्रस्तावित कार्यक्रमको उद्देश्य, कार्ययोजना, अनुमानित बजेट, अपेक्षित परिणाम लगायत अन्य आवश्यक विवरणहरु समेत उल्लेख गर्नु पर्ने छ ।

३) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि ।

४) स्थानीय तहको सिफारिस पत्र (पालिका/वडा कार्यालयबाट)

५) कृषि सहकारी, कृषि उद्योग र कृषि फर्मको हकमा कम्तीमा ३० विघा, कृषि समूहको हकमा कम्तीमा १५ विघा र कृषक/संयुक्त कृषकको हकमा कम्तीमा ३ विघा भूमि स्वामित्व प्रमाणपत्रको प्रतिलिपि वा कृषि योग्य जमिन भोगचलनको प्रमाण ।

६) कृषक समूह/कृषि सहकारीको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण, र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा कार्यसमितिको निर्णय र अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ।

७) कृषि फर्म/ कृषि उद्योगको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

**सञ्चालन हुने कार्यक्रमहरू:**

१) चैते तथा वर्षे धानको बीउ तथा सुक्ष्म पोषण तत्वमा अनुदान (वर्षे धानको लागी अनुसूची-१ बमोजिमका जातहरु)

२) स्यालो ट्युबवेल/विद्युतिय मोटर/सौर्य प्यानल निर्माण तथा जडान

३) गोदाम घर, Threshing/Drying floor, Drier

४) कृषि विधुतिकरण

नोट:

१..संयुक्त कृषक भन्नाले यस कार्यक्रम अन्तर्गत समुह / सहकारीमा आवद्ध नभएका दुई वा दुई भन्दा बढी कृषकहरुलाई सम्झनु पर्दछ ।

२..राष्ट्रिय कृषि आधुनिकिकरण परियोजना, द्वारा यस जिल्लामा संचालित धान जोन सञ्चालन भएको क्षेत्रहरुमा धान जोन कार्यक्रम अन्तर्गत सुचिकृत भई धान जोनको कार्यक्रम सञ्चालन गरेका कृषक/कृषि सहकारी/कृषि कम्पनी /कृषि फर्महरूलाई प्रथमिकता दिइने छैन।

✱ विस्तृत जानकारिको लागि कृषि ज्ञान केन्द्र, सर्लाही, बागवानी विकास अधिकृत श्री सिमा कार्की (९८५४०७३५५५), बाली विकास अधिकृत (९७०२६२६४८९), वा यस कर्यालयको फोन नं. ०४६-५२००३० मा सम्पर्क गर्न सकिने छ । साथै कार्यालयको वेवसाईट https://sarlahi.akc.gov.np मा हेर्न सकिने छ ।

कविन्द्र सिंह ठगुन्ना
बालि विकास अधिकृत (सातौं)

२०८२।१०।२२
कमलदेव प्रसाद कुशवाहा
प्रमुख

CamScanner

मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
मलंगवा, सर्लाही

फोन नं. : ०४६-५२००३०
Email : sarlahiakc@gmail.com
Website : sarlahi.akc.gov.np

सूचना ! सूचना !! सूचना !!!

सूचना नं. १५/२०८२-८३

## सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मितिः २०८२।१०।२३**

यस कृषि ज्ञान केन्द्र, सर्लाहीको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम रहेको हुँदा सो कार्यक्रम संचालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०८२।११।०८ गते सम्म) तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. कार्यालयले निर्दिष्ठ गरेको ढाँचामा पुर्ण रुपमा भरिएको प्रस्ताव ।
२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३. एकल कृषक परिवारको हकमा कम्तीमा २ विगहा क्षेत्रफलको जग्गाधनी पुर्जाको प्रतिलिपी।
४. कृषक समूह/सहकारी/निजी कृषि फर्म/उद्यमीको हकमा कम्तीमा ४ विघा जग्गाधनी पुर्जाको प्रतिलिपी ।
५. पेश गरेको जग्गा धनी लालपुर्जाको गत आ.व. २०८१/८२ को मालपोत तिरेको रसिदको प्रतिलिपि ।
६. सहकारी/संस्था/ समूह/फर्मको हकमा संस्था दर्ता प्रमाण पत्र र नवीकरणको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि तथा गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
७. कृषक समूह/सहकारीको हकमा कार्यकम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि र अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
८. स्थानीय तह/वडा कार्यालय/कृषि शाखाको सिफारिस ।
९. कल्स्टरमा सिंचाई गर्ने जल उपभोक्ताको हकमा अनुसूची ३ बमोजिमको फारम

नोटः विस्तृत जानकारिको लागि कृषि ज्ञान केन्द्र, सर्लाही, बागवानी विकास अधिकृत श्री सिमा कार्की (९८५४०७३५५५), बाली विकास अधिकृत (९७०२६२६४८९), वा यस कर्यालयको फोन नं. ०४६-५२००३० मा सम्पर्क गर्न सकिने छ । साथै कार्यालयको वेवसाईट https://sarlahi.akc.gov.np मा हेर्न सकिने छ ।

कविन्द्र सिंह ठकुरी
बालि विकास अधिकृत (सातौं)

२०८२।१०।२३
कमलदेव प्रसाद कुशवाहा
प्रमुख